# नेपाल राष्ट्र बैंक
# राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौंको

## "बैदेशिक रोजगार बचतपत्र २०७३ (५ वर्षे)" निष्कासन गर्ने सूचना

नेपाल सरकारको "बैदेशिक रोजगार बचतपत्र २०७३" देहाय बमोजिमका विशेषता एवं शर्तहरु कायम गरी निष्कासन गरिने भएकोले दक्षिण कोरिया, मलेसिया, संयुक्त अरब इमिरेट्स, साउदी अरेविया र कतारमा रोजगारीमा संलग्न नेपाली नागरिकहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) बचतपत्रको नाम : **बैदेशिक रोजगार बचतपत्र २०७३ (५ वर्षे) ।**
(ख) निष्कासन गर्ने रकम : **रु.५०० करोड (पांच सय करोड रुपैयाँ मात्र) ।**
(ग) वार्षिक व्याजदर : **१०.५० प्रतिशत (अर्द्धवार्षिक रुपमा व्याज भुक्तानी हुने तथा व्याजकर लाग्ने) ।**
(घ) बिक्री खुला हुने अवधि : **२०६७ चैत २७ देखि २०६८ जेष्ठ २३ गतेसम्म (ई.सं. २०११ अप्रिल १० देखि २०११ जुन ६ तारिखसम्म)।**
(ङ) निष्कासन हुने मिति : **२०६८ जेष्ठ २६ गते ।**
(च) साँवा भुक्तानी हुने मिति : **२०७३ जेष्ठ २६ गते ।**
(छ) खरिद गर्न सकिने रकम : घटिमा रु.५,०००।- (पाँच हजार) रुपैयाँ र बढिमा कुल निष्कासित रकमको सीमामा नबढाई रु.५,०००।- (पाँच हजार) रुपैयाँले भाग गर्दा निःशेष भाग जाने अंकमा ।
(ज) फाराम सम्बन्धी व्यवस्था : यस सम्बन्धी फाराम यस विभागबाट तथा विक्री एजेन्टबाट निःशुल्क रुपमा प्राप्त गर्न सकिनेछ वा यस बैंकको वेवसाईट **www.nrb.org.np** अन्तर्गत **Public Debt** भित्र **Foreign Employment Bond** नामक फोल्डरमा **Application Form for Foreign Employment Bond** नाममा राखिएको निवेदन फाराम डाउनलोड गरी प्रयोग गर्न सकिने ।
(झ) यो बचतपत्र धितो राखी कर्जा लिन दिन पाइनेछ ।

२. यो बचतपत्र अंकित मूल्यमा माथि उल्लेखित देशहरुमा रोजगारीमा संलग्न नेपाली नागरिकहरुले आफ्नो वा आफ्नो परिवारका सदस्यको नाममा मात्र खरिद गर्न पाउनेछन् ।

३. यो बचतपत्र चाहेको बखत इजाजतपत्र प्राप्त बजार निर्माताहरुमार्फत बिक्री गर्न सकिनेछ ।

४. तोकिएको व्याजदरमा हरेक ६/६ महिनामा आफूलाई पायक पर्ने नेपाल राष्ट्र बैंक, इजाजतप्राप्त "क" "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था एवं इजाजत प्राप्त बजार निर्माताहरु (यसको सूची नेपाल राष्ट्र बैंकको वेवसाइट **www.nrb.org.np** मा उपलव्ध छ) बाट व्याज भुक्तानी लिन सकिनेछ ।

५. खरिदकर्ताले रकम बुझाएकै मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको खण्डित अवधिको उपर्युक्त व्याजदरले हुन आउने व्याज रकम समेत भुक्तानी पाउनेछन् ।

६. यो बचतपत्र स्टक वा प्रमिशरी नोटको रुपमा खरिद गर्न सकिनेछ । बचतपत्र खरिद गर्ने व्यक्तिले वा रकम संकलन गर्ने बिक्री एजेण्टले निवेदकको तर्फबाट प्राप्त विवरणको आधारमा दरखास्त फाराममा पुरा नाम, ठेगाना र अन्य आवश्यक विवरण उल्लेख गर्नु पर्नेछ । स्टकको रुपमा बचतपत्र खरिद गर्न चाहने व्यक्तिको हकमा पासपोर्ट साइजको फोटो फाराममा एक थान र प्रति थान बचतपत्रमा थप एकका दरले आवश्यक पर्ने फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

७. रीतपूर्वक पेश नभई अस्वीकृत भएका दरखास्तको सम्बन्धमा जम्मा हुन आएको रकम बिक्री एजेण्टहरुबाट सक्कल निवेदन तथा कागजातहरु प्राप्त भएको मितिले ७ दिनभित्र विना व्याज सम्बन्धित बिक्री एजेण्टमार्फत निवदेकलाई फिर्ता गरिनेछ ।

८. उपर्युक्त बचतपत्र बिक्री गर्न गराउन यस बैंकबाट इजाजत प्राप्त बिक्री एजेण्टका नेपालस्थित कार्यालयहरुलाई परिपत्र तथा मार्गदर्शन पठाइएको छ । यो सूचना लगायत बचतपत्र बिक्री सम्बन्धी अन्य आवश्यक जानकारी यस बैंकको वेवसाइटमा समेत राखिएको छ । यस बैंकबाट उपलब्ध गराइएको सूचना तथा परिपत्र प्राप्त नभएमा यस बैंकको वेवसाइटमा राखिएको सूचनालाईनै आधार मानी बैदेशिक रोजगार बचतपत्र खरिद गर्न चाहने तोकिएका देशहरुमा रोजगारीमा संलग्न नेपाली नागरिकहरुलाई तोकिएको म्यादभित्र बचतपत्र बिक्री गरी तोकिएको ढाँचामा दैनिक सूचना छिटो माध्यम ( विद्युतिय माध्यम) बाट यस विभागमा पठाउन हुन र बिक्री खुला अवधि समाप्त भए पश्चात् एकमुष्ट रुपमा तोकिएको ढाँचामा विवरण सहितको दरखास्त फारामहरु छिटो माध्यमबाट यस विभागमा पठाउने व्यवस्था गर्नु हुन सवै बिक्री एजेण्टहरुलाई सूचित गरिएको छ ।

९. बिक्री खुला अवधिभित्र सम्पूर्ण रकम बिक्री नभई बाँकी रहन आएमा वा बढी बिक्री भएमा खुला बजार संचालन समितिले निर्णय गरी आवश्यक व्यवस्था गर्नेछ । साथै, बचतपत्र बाँडफाँड सम्बन्धी अन्य सम्पूर्ण अधिकार उक्त समितिमा रहनेछ ।

१०. यस विषयमा थप जानकारीको लागि काठमाडौंमा यस विभागको फोन नं. ४२५७८८०, ४२४१२७२, ४२२१७६३ वा ४२४८९००-९०४ एक्सटेन्सन २१९, २२० र २२५ मा सम्पर्क राख्नु हुन तथा तल उल्लेखित बिक्री एजेण्टहरुसँग सम्पर्क गर्नु हुन वा यस बैंकको वेवसाइट **www.nrb.org.np** अन्तर्गत **Public Debt** मा हेर्नु हुन समेत अनुरोध छ ।

११. उपर्युक्त बैदेशिक रोजगार बचतपत्र यस बैंकबाट इजाजत प्राप्त देहायका बिक्री एजेण्टहरुमार्फत रकम जम्मा गरी खरिद गर्न सकिने छ ।

| क्र. सं. | बैदेशिक रोजगार बचतपत्र बिक्री गर्न इजाजतप्राप्त बिक्री एजेण्टहरुको नाम | नेपालको ठेगाना | नेपालको सम्पर्क टेलिफोन नम्वर | बचतपत्र बिक्रीका लागि इजाजत प्रदान गरिएका मुलुकहरु |
|---|---|---|---|---|
| १. | हिमालयन बैंक लिमिटेड | त्रिदेवी मार्ग, ठमेल, काठमाडौं | ४२५०२०१, ४२२७७४९ | १. मलेसिया २. संयुक्त अरब इमिरेट्स ३. साउदी अरेबिया ४. कतार |
| २. | ईन्टरनेशनल मनि एक्सप्रेस (आई.एम.इ.) प्रा.लि. | पानीपोखरी, काठमाडौं | ४४३०६०० | १. मलेसिया २. संयुक्त अरब इमिरेट्स ३. साउदी अरेबिया ४. कतार |
| ३. | सेवा मनी ट्रान्सफर प्रा.लि. | कुलेश्वर, काठमाडौं | ४२८३७२८ | १. कतार |
| ४. | इन्सेन्टिभ मनि ट्रान्सफर प्रा.लि. | लाजिम्पाट, काठमाडौं | ४४१४७०७, ४४१४७३९ | १. मलेसिया |
| ५. | प्रभु मनि ट्रान्सफर प्रा.लि. | लैनचौर, काठमाडौं | ४४४२५६१, ४४३७८५१ | १. मलेसिया २. संयुक्त अरब इमिरेट्स ३. साउदी अरेबिया ४. कतार |
| ६. | श्रमिक रेमिट कम्पनी प्रा.लि. | नक्साल, काठमाडौं | ४२७१७८३, ४६७२९४९ | १. कतार |
| ७. | प्रभु फाईनान्स कम्पनी लिमिटेड | लैनचौर, काठमाडौं | ४४४२३६४, ४४२९१२४ | १. कतार |